# नेपाल सरकारको वार्ता टोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (कौटिल्य समूह) बीच भएको सहमति

| मिति २०६८ मंसिर ८ गते भएको सहमति । |
|---|

१. संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (कौटिल्य) ले राखेका विस्तृत नीतिगत मागहरु संविधानसंग सम्बन्धित भएकोले संविधान निर्माण संगै सम्बोधनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

२. मोर्चाका वार्ताटोलीका सदस्यहरुलाई वार्ताको क्रममा आवश्यक भरपर्दो सुरक्षा उपलब्ध गराउने ।

३. मोर्चाले हाल आफूसंग भएका भनिएका २० (बीस) थान हात हतियार मिति २०६८।९।५ मा नेपाल सरकार समक्ष बुझाउने । हतियार बुझाउने स्थान आपसी सहमतिमा तय गर्ने ।

४. मोर्चाका वार्ताटोलीमा रहेका नेता एवं मिति २०६८।८।५ मा प्रस्तुत गरिएका अन्य नेता तथा कार्यकर्ताहरुको रिहाइको प्रक्रिया थालनी गर्ने । मोर्चाले अवाञ्छित गतिविधि नगर्ने, गरेमा प्रचलित कानून वमोजिम कारवाही गर्ने ।

५. कारागार सुधारका प्रतिवेदन क्रमशः लागू गर्दै जाने ।

**संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाको तर्फबाट**

........................

संजयकुमार गुप्ता "कौटील्य"
संयोजक

**सरकारी वार्ताटोलीको तर्फबाट**

........................

सत्य पहाडी
संयोजक

This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com